२०७४ साल कात्तिक २७ गते सोमबार दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय—बहुक्षेत्रीय पोषण योजना दोस्रो स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद् सामाजिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय—गते गएको विनासकारी भूकम्पबाट १२ साल वैशाख 2072 भत्किएको धरहरा पुनर्निर्माणगर्ने जिम्मा पाएको नेपाल टेलिकमबाट धरहरा पुनर्निर्माण नगर्ने आशयको जानकारी प्राप्त भएको हुँदा धरहराको पुनर्निर्माण राष्ट्रिय पुनर्निर्माण प्राधिकरण वा प्राधिकरणले तोकेको निकायबाट गर्ने ।

३. अर्थ मन्त्रालय—निक्षेप तथा कर्जा सुरक्षण कोषको अध्यक्षमा महालेखा नियन्त्रक श्री रामकुमार आचार्यलाई तोक्ने ।

४. अर्थ मन्त्रालय—किसानका लागि उन्नत बिउ बिजन कार्यक्रम कार्यान्वयन गर्न कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोषसँग गरिएको वित्तीय सम्झौता संशोधन गर्ने ।

५. अर्थ मन्त्रालय— विश्व बैंकबाट थप ऋण सहायता प्राप्त गर्न नेपाल सरकारको तर्फबाट वार्ता टोली गठन गरी वार्ता गर्ने अख्तियारी दिने ।

६. अर्थ मन्त्रालय— २०७४ श्रावण महिनामा आएको बाढीबाट प्रभावित व्यक्ति तथा परिवारको लागि राहत र पुनर्स्थापना कार्य सञ्चालन गर्ने ।

७. उद्योग मन्त्रालय— अष्ट्रियाको भियनामा हुने कार्यक्रममा मा. उद्योग मन्त्रीसमेतको टोली सहभागी हुने ।

८. उद्योग मन्त्रालय— United Nations Industrial Development Organization को सदस्यता शुल्क भुक्तानी गर्ने ।

९. ऊर्जा मन्त्रालय— बुढीगण्डकी जलविद्युत आयोजनाको सम्झौता सम्बन्धमा ऊर्जा मन्त्रालय तथा चाइना गेजुवा ग्रुप कम्पनीबीच ४ जुन २०१७ मा भएको सम्झौता खारेज गर्ने ।

१०. गृह मन्त्रालय— आर्थिक सहायता उपलब्ध गराउने ।

११. गृह मन्त्रालय— तराई मधेश र थरूहट लगायतका क्षेत्रमा विभिन्न राजनैतिक दलहरूले गरेको आन्दोलनको क्रममा भएका हिंसा, हत्या, आगजनी, तोडफोड लगायतका घटनाहरूको सत्यतथ्य छानवीन सम्बन्धी उच्चस्तरीय जाँचबुझ आयोग, २०७३ को म्याद थप गर्ने ।

१२. गृह मन्त्रालय— प्रहरी अतिरिक्त महानिरीक्षक पदको दुईवटा थप दरवन्दी सिर्जना गर्ने ।

१३. परराष्ट्र मन्त्रालय— मलेसियाका लागि नेपाली राजदूत डा. निरञ्जनमान सिंह बस्न्यातको पदावधि थप गर्ने।

१४. परराष्ट्र मन्त्रालय— सम्माननीय राष्ट्रपतिले यु.ए.ई.को औपचारिक भ्रमणको लागि प्रतिनिधिमण्डलको गठन गर्ने ।

१५. रक्षा मन्त्रालय— प्राविधिक सहायक रथी डा. शशी राईको पदावधि थप गर्ने ।

१६. रक्षा मन्त्रालय— उपरथी हेमन्त राज कुँवरलाई रथी दर्जामा पदोन्नति गरी पदस्थापन गर्ने ।

१७. वन तथा भू-संरक्षण मन्त्रालय— चूनढुङ्गा उत्खननका लागि वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने ।

१८. वन तथा भू-संरक्षण मन्त्रालय— सोलुखोला (दूधकोशी) जलविद्युत आयोजनालाई वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने।

१९. वन तथा भू-संरक्षण मन्त्रालय— मध्य भोटेकोशी जलविद्युत आयोजनाको लागि वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने ।

२०. वन तथा भू-संरक्षण मन्त्रालय— सोलू खोला १३२ के.भी. विद्युत प्रसारण लाइन निर्माणको लागि वन क्षेत्र प्रयोग गर्न दिने ।

२१. वन तथा भू-संरक्षण मन्त्रालय— गर्ज्याङ-खिम्ती १३२ के.भी. प्रसारण लाइन आयोजनाको लागि वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने ।

२२. संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— अष्ट्रेलियामा आयोजना हुने पर्यटन प्रवर्द्धन कार्यक्रममा सहभागी हुन मा. मन्त्रीलाइ स्वीकृति दिने।

२३. सामान्य प्रशासन मन्त्रालय— निजामती सेवा नियमावली, २०५० को नियम ९५ बमोजिम राजेन्द्रलाल श्रेष्ठसमेत थप आर्थिक सहायता उपलब्ध गराउने ।

२४. सिंचाइ मन्त्रालय— अन्तर्राष्ट्रिय सिंचाइ तथा जल निकास आयोगको आठौं एसियाली क्षेत्रिय सम्मेलन नेपालमा गर्न स्वीकृति प्रदान गर्ने ।

२५. सूचना तथा सञ्चार मन्त्रालय— नेपाल दुरसञ्चार प्राधिकरणको रिक्त हुने अध्यक्ष पदमा श्री दिगम्बर झालाई पुनः नियुक्ति गर्ने ।

२६. पूर्व प्रधानमन्त्री कीर्तिनिधि विष्टको २०७४ साल कात्तिक २५ गते शनिबारका दिन देहावसान भएकोमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्ने ।

२७. निजामती सेवा ऐन, २०४९ को दफा १९ को उपदफा (२) को खण्ड (ख) (२) बमोजिम नेपाल प्रशासन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा सहसचिव श्री शंकरप्रसाद पाठकलाई बढुवा गरी राष्ट्रिय सूचना आयोगको सचिव पदमा पदस्थापन गर्ने ।

२८. राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका सचिव श्री सर्वजीत प्रसाद महतोले निजामती सेवा ऐन, २०४९ को दफा १७ बमोजिम मिति २०७४।७।२६ देखि अनिवार्य अवकाश प्राप्त गर्नु भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

२९. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गर्ने –

क्र.सं.	नाम, थर	साविक पद र कार्यालय	सरुवा भएको पद र कार्यालय
१.	श्री कृष्णप्रसाद देवकोटा	सचिव, आपूर्ति मन्त्रालय	सचिव, सार्वजनिक खरिद अनुगमन कार्यालय
२.	श्री प्रकाश माथेमा	सचिव, पशुपंक्षी विकास मन्त्रालय	सचिव, जनसङ्ख्या तथा वातावरण मन्त्रालय
३.	श्री विश्वनाथ ओली	सचिव, जनसङ्ख्या तथा वातावरण मन्त्रालय	सचिव, पशुपंक्षी विकास मन्त्रालय
४.	श्री मधुसुदन अधिकारी	सचिव, जल तथा ऊर्जा आयोगको सचिवालय	सचिव, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
५.	श्री अनिलकुमार ठाकुर	क्षेत्रीय प्रशासक, मध्यपश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय, सुर्खेत	सचिव, आपूर्ति मन्त्रालय

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

२०७४ साल कात्तिक २० गते सोमबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— Second Ministerial Conference on Regional Economic Cooperation and Integration in Asia and the Pacific कार्यक्रममा सहभागी हुन राष्ट्रिय योजना आयोगका उपाध्यक्षलाई स्वीकृति प्रदान गर्ने ।

२. अर्थ मन्त्रालय— Rural Connectivity Improvement Project को लागि एशियाली विकास बैंकबाट ऋण सहायता प्राप्त गर्ने सम्बन्धी सम्झौता वार्ता गर्नका लागि वार्ता टोली गठन गरी वार्ता गर्ने अख्तियारी दिने।

३. अर्थ मन्त्रालय— माननीय महालेखापरीक्षक श्री टंकमणी शर्मा दंगाललाई संयुक्त राज्य अमेरिका भ्रमणमा जान स्वीकृति दिने।

४. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— विशेष अदालत र न्यायाधिकरणहरूको अध्यक्ष तथा सदस्य तोक्ने ।

५. कृषि विकास मन्त्रालय— खाद्य पदार्थहरूको निर्धारित गुणस्तर नेपाल राजपत्रमा प्रकाशन गर्ने ।

६. गृह मन्त्रालय— नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने विषयको प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

७. गृह मन्त्रालय— छठ पर्वको लागि थप एक दिन सार्वजनिक विदा दिने ।

८. गृह मन्त्रालय— प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनमा खटिने कर्मचारीहरूको सुविधा स्वीकृत गर्ने ।

९. युवा तथा खेलकुद मन्त्रालय— युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत राष्ट्रिय युवा परिषदको अस्थायी दरबन्दी स्वीकृति गर्ने ।

१०. रक्षा मन्त्रालय— सहायक रथी शशीबहादुर सिंहलाई उपरथी दर्जामा पदोन्नति गरी पदस्थापन गर्ने ।

११. रक्षा मन्त्रालय— माननीय रक्षामन्त्री भीमसेन दास प्रधानको भ्रमण स्वीकृति गर्ने ।

१२. रक्षा मन्त्रालय— प्राविधिक सहायकरथी अजित वरसिंह थापालाई प्राविधिक उपरथी दर्जामा पदोन्नति गरी पदस्थापन गर्ने ।

१३. रक्षा मन्त्रालय— उपरथी अनुजबहादुर बस्न्यातको पदावधि थप गर्ने ।

१४. वन तथा भू-संरक्षण मन्त्रालय— चितवन राष्ट्रिय निकुञ्ज नियमावली, २०३० को अनुसूची संशोधन गर्ने ।

१५. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय — नाइजेरियामा आयोजना हुने World Aviation Forum (IWAF) मा सहभागी हुन मा. मन्त्रीलाई स्वीकृति प्रदान गर्ने ।

१६. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय — सेनेगलको डकारमा आयोजना हुने International Language and Development Conference मा सहभागी हुन भाषा आयोगका अध्यक्षलाई स्वीकृति प्रदान गर्ने ।

१७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय — ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी (छैठौं संशोधन) नियमावली, २०७४ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१८. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय — पर्वतारोहण सम्बन्धी (पाँचौं संशोधन) नियमावली, २०७४ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१९. सहकारी तथा गरिबी निवारण मन्त्रालय— राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ को दफा १५ को उपदफा (२) बमोजिम सहअध्यक्षको पारिश्रमिक र सुविधा देहायबमोजिम तोक्ने ।

२०. सामान्य प्रशासन मन्त्रालय— अधिकार सम्पन्न संघीय प्रशासनिक पुनसंरचना समितिको म्याद थप गर्ने ।

२१. सिंचाइ मन्त्रालय— महाकाली सिंचाइ आयोजनाको लागि आवश्यक पर्ने जग्गा प्राप्त गर्न स्वीकृत प्रदान गर्ने ।

२२. सिंचाइ मन्त्रालय—२०७१ सालको बाढीबाट क्षतिग्रस्त संरचनाहरूको पुनर्स्थापना तथा पुनर्निर्माण कार्ययोजना, २०७४ स्वीकृत गर्ने ।

२३. सिंचाइ मन्त्रालय—२०७४ को बाढीबाट क्षतिग्रस्त संरचनाहरूको पुनर्स्थापना तथा पुनर्निर्माण कार्ययोजना, २०७४ स्वीकृत गर्ने

२४. सूचना तथा सञ्चार मन्त्रालय— नेपाल दूरसञ्चार प्राधिकरणको रिक्त हुने अध्यक्ष र सदस्य (कानुन) पदमा नियुक्ति सिफारिस गर्न समिति गठन गर्ने ।

२५. रक्षा मन्त्रालयका सचिव श्री श्रीधर सापकोटाले निजामती सेवा ऐन, २०४९ को दफा ३३ बमोजिम मिति २०७४।७।१५ देखि अवकाश प्राप्त गर्नु भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

२६. निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (२) बमोजिम गठित समितिको सिफारिसमा नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरुलाई देहायबमोजिम सरुवा गर्ने –

क्र.सं	नाम, थर	साविक पद र कार्यालय	सरुवा भएको पद र कार्यालय
१.	श्री विनोद के.सी.	सचिव, सार्वजनिक खरिद अनुगमन कार्यालय	सचिव, रक्षा मन्त्रालय
२.	श्री महेन्द्रप्रसाद गुरागाई	क्षेत्रीय प्रशासक, मध्यपश्चिमाञ्चाल क्षेत्रीय प्रशासन कार्यालय, सुर्खेत	सचिव, लोक सेवा आयोग

२७. निजामती सेवा ऐन, २०४९ को दफा १९ को उपदफा (२) को खण्ड (ख) (२) बमोजिम नेपाल प्रशासन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा सहसचिव श्री अनिलकुमार ठाकुरलाई बढुवा गरी मध्यपश्चिमाञ्चाल क्षेत्रीय प्रशासन कार्यालय, सुर्खेतको क्षेत्रीय प्रशासक पदमा पदस्थापन गर्ने ।

२८. नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम ३१. बमोजिम देहायानुसार मन्त्रिपरिषद्का समिति पुनर्गठन गर्ने ।

१. <u>राजनैतिक समिति</u>

(क) सम्माननीय प्रधानमन्त्री — संयोजक

(ख) माननीय उपप्रधानमन्त्री एवं सङ्घीय मामिला तथा स्थानीय विकासमन्त्री —सदस्य
(ग) माननीय उपप्रधानमन्त्री एवं ऊर्जामन्त्री — सदस्य
(घ) माननीय विना विभागीय उपप्रधानमन्त्री कृष्णबहादुर महरा — सदस्य
(ङ) माननीय उपप्रधानमन्त्री एवं शिक्षामन्त्री — सदस्य
(च) माननीय विना विभागीय मन्त्री गिरिराजमणि पोखरेल — सदस्य
(छ) माननीय स्वास्थ्यमन्त्री — सदस्य
(ज) माननीय कृषि विकासमन्त्री — सदस्य
(झ) माननीय कानुन, न्याय तथा संसदीय मामिलामन्त्री — सदस्य
(ञ) माननीय जनसङ्ख्या तथा वातावरण मन्त्री — सदस्य

२. **प्रशासन समिति**

(क) माननीय उपप्रधानमन्त्री एवं ऊर्जामन्त्री — संयोजक
(ख) माननीय विना विभागीय उपप्रधानमन्त्री कृष्णबहादुर महरा — सदस्य
(ग) माननीय श्रम तथा रोजगारमन्त्री — सदस्य
(घ) माननीय उद्योग मन्त्री — सदस्य
(ङ) माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री — सदस्य
(च) माननीय खानेपानी तथा सरसफाइ मन्त्री — सदस्य
(छ) माननीय सहकारी तथा गरिबी निवारणमन्त्री — सदस्य
(ज) माननीय वाणिज्य मन्त्री — सदस्य
(झ) माननीय रक्षामन्त्री — सदस्य
(ञ) माननीय सिँचाइमन्त्री — सदस्य
(ट) माननीय विना विभागीय मन्त्री टेकबहादुर बस्नेत — सदस्य
(ठ) माननीय विना विभागीय मन्त्री सन्तकुमार थारू — सदस्य

३. **सामाजिक समिति**

(क) माननीय उपप्रधानमन्त्री एवं शिक्षामन्त्री — संयोजक
(ख) माननीय विना विभागीय मन्त्री गिरिराजमणि पोखरेल — सदस्य
(ग) माननीय अर्थमन्त्री — सदस्य
(घ) माननीय श्रम तथा रोजगारमन्त्री — सदस्य
(ङ) माननीय विना विभागीय मन्त्री जनार्दन शर्मा — सदस्य
(च) माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री — सदस्य
(छ) माननीय भूमिसुधार तथा व्यवस्थामन्त्री — सदस्य
(ज) माननीय सहकारी तथा गरिबी निवारणमन्त्री — सदस्य
(झ) माननीय युवा तथा खेलकुदमन्त्री — सदस्य
(ञ) माननीय आपूर्तिमन्त्री — सदस्य
(ट) माननीय महिला, बालबालिका तथा समाजकल्याणमन्त्री — सदस्य
(ठ) माननीय जनसङ्ख्या तथा वातावरणमन्त्री — सदस्य
(ड) माननीय विना विभागीय मन्त्री शिवकुमार मण्डल केवट — सदस्य

(ढ) माननीय विना विभागीय मन्त्री आशा कोइराला — सदस्य

४. <u>आर्थिक तथा पूर्वाधार समिति</u>

(क) माननीय उपप्रधानमन्त्री एवं सङ्घीय मामिला तथा स्थानीय विकासमन्त्री — संयोजक
(ख) माननीय अर्थमन्त्री — सदस्य
(ग) माननीय सहरी विकासमन्त्री — सदस्य
(घ) माननीय सूचना तथा सञ्चारमन्त्री — सदस्य
(ङ) माननीय कृषि विकासमन्त्री — सदस्य
(च) माननीय खानेपानी तथा सरसफाइमन्त्री — सदस्य
(छ) माननीय भौतिक पूर्वाधार तथा यातायातमन्त्री — सदस्य
(ज) माननीय वाणिज्यमन्त्री
(झ) माननीय सिँचाइमन्त्री — सदस्य
(ञ) माननीय आपूर्तिमन्त्री — सदस्य
(ण) माननीय विना विभागीय मन्त्री महेन्द्रबहादुर शाही — सदस्य
(ट) माननीय विना विभागीय मन्त्री प्रभु साह — सदस्य
(ठ) माननीय विना विभागीय मन्त्री शिवकुमार मण्डल केवट — सदस्य

५. <u>विधेयक समिति</u>

(क) माननीय कानुन, न्याय तथा संसदीय मामिलामन्त्री — संयोजक
(ख) माननीय विना विभागीय मन्त्री प्रभु साह — सदस्य
(ग) माननीय वन तथा भू-संरक्षण मन्त्री — सदस्य
(घ) माननीय भूमिसुधार तथा व्यवस्थामन्त्री — सदस्य
(ङ) माननीय सूचना तथा सञ्चारमन्त्री — सदस्य
(च) माननीय भौतिक पूर्वाधार तथा यातायातमन्त्री — सदस्य
(छ) माननीय रक्षामन्त्री — सदस्य
(ज) माननीय युवा तथा खेलकुदमन्त्री — सदस्य
(झ) माननीय विना विभागीय मन्त्री टेकबहादुर बस्नेत — सदस्य
(ञ) माननीय विना विभागीय मन्त्री महेन्द्रबहादुर साही — सदस्य
(ट) माननीय विना विभागीय मन्त्री आशा कोइराला — सदस्य
(ठ) माननीय विना विभागीय मन्त्री सन्तकुमार थारू — सदस्य
(ड) माननीय महिला, बालबालिका तथा समाजकल्याण मन्त्री — सदस्य

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

२०७४ साल कार्तिक ६ गते सोमबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. अर्थ मन्त्रालय— Livestock Sector Innovation Project को लागि विश्व बैकबाट ऋण सहायता प्राप्त गर्ने सम्बन्धी सम्झौता वार्ता गर्नका लागि वार्ता टोली गठन गरी वार्ता गर्ने अख्तियारी दिने ।

२. अर्थ मन्त्रालय— सुनसरी जिल्ला, देवानगञ्ज गाँउपालिका, वडा नं. ५ बस्ने बब्लु भन्ने दिपक कुमार यादवको छोरा वर्ष नौ को गौरव यादवको उपचारको क्रममा खर्च भएको कुल रकम रु. १,०५,८०६/- सुनसरी भन्सार कार्यालय मार्फत उपलब्ध गराउने ।

३. अर्थ मन्त्रालय— मुस्ताङ्ग भन्सार कार्यालय, मुस्ताङ्गको आर्थिक वर्ष का लागि 75/2074रा.प- २ अस्थायी दरबन्दी सामान्य प्रशासन मन्त्रालयको सहमतिमा अर्थ मन्त्रालय वा अन्तर्गतबाट पूर्ति गर्ने गरी स्वीकृत गर्ने ।

४. उद्योग मन्त्रालय— उद्योग मन्त्रालय अन्तर्गतका आयोजना/कार्यालयहरुमा आ. व. २०७४/०७५ का लागि राजपत्रांकित स्तरका २१ (एक्काईस) पदको अस्थायी दरवन्दी सृजना गर्ने।

५. ऊर्जा मन्त्रालय— पञ्चेश्वर बहुउद्देश्यीय आयोजनामा आ.व. २०७४/७५ को लागि राजपत्रांकित ५ वटा अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

६. गृह मन्त्रालय— नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम "राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश, २०७४" जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने ।

७. जनसंख्या तथा वातावरण मन्त्रालय— जलवायु परिवर्तन महासंधिको पक्ष राष्ट्रको तेइसौं सम्मेलन (UNFCCC, COP 23/CMP13) मा सहभागिताको लागि माननीय जनसंख्या तथा वातावरण मन्त्रीको नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने ।

८. परराष्ट्र मन्त्रालय— नेपाल सरकार र यूरोपियन यूनियनवीच निर्वाचनको पर्यवेक्षण सम्बन्धी समझदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने ।

९. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— व्यवस्थित बसोबास आयोग आदेश, २०७४ स्वीकृत गर्ने ।

१०. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— नेपाल सरकारको याक विकास फर्मको नामको जग्गा नेपाल टेलिकम सोलुखुम्वुको नाममा लिजमा उपलब्ध गराउन स्वीकृति दिने ।

११. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— सिन्धुपाल्चोक जिल्ला मेलम्ची न.पा. स्थित भूकम्प पिडितको लागि गिरानचौर एकीकृत नमूना बस्तीमा घर निर्माण गरी हस्तान्तरण गर्दा लिखित पारितमा लाग्ने रजिष्ट्रेशन दस्तुर छुट दिने ।

१२. युवा तथा खेलकुद मन्त्रालय— सुशील कोइराला मेमोरियल फाउण्डेशन, काठमाडौंलाई नेपालका सात वटै प्रदेशमा कम्तिमा १/१ वटा स्थान क्रिकेट प्रशिक्षाण शिविर सञ्चालन तथा व्यवस्था गर्न पन्ध्र लाख रूपैयाँ र सुशील कोइराला मेमोरियल क्रिकेट कप प्रतियोगिता आयोजना गर्न पन्ध्र लाख रूपैयाँ गरी जम्मा तीस लाख रूपैयाँ उपलब्ध गराउने ।

१३. रक्षा मन्त्रालय—

(क) संवत् २०७४ साल मङ्सिर १० गते र मङ्सिर २१ गते हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न "प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन सुरक्षा योजना, २०७४" मा व्यवस्था भएअनुसार सुरक्षा निकायहरू एकीकृत तथा समन्वयात्मक रूपमा परिचालन गर्न नेपालको संविधानको धारा २६६ को उपधारा (१) बमोजिम राष्ट्रिय सुरक्षा परिषद्को मिति २०७४/०७/०१ को बैठकबाट सिफारिस भएअनुसार नेपाली सेना परिचालन गर्न स्वीकृतिका लागि नेपालको संविधानको धारा ६६ को उपधारा (२) बमोजिम सम्माननीय प्रधानमन्त्रीमार्फत् सम्माननीय राष्ट्रपतिज्यूसमक्ष सिफारिस गर्ने ।

(ख) राष्ट्रिय सुरक्षा परिषद्को मिति २०७४/७/१ को बैठकबाट सिफारिस भएबमोजिम प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनमा नेपाली सेना परिचालन हुँदा नेपाली सेनालाई दिइनुपर्ने जिम्मेवारीहरू सम्माननीय राष्ट्रपतिज्यूबाट स्वीकृति प्राप्त भएपछि "प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन सुरक्षा योजना, २०७४" को व्यवस्था बमोजिम नेपाली सेना परिचालन हुँदा शक्ति प्रयोग गर्नु पर्ने अवस्थामा संलग्न अनुसूची-१ बमोजिमको "आन्तरिक सुरक्षा तथा निर्वाचन सुरक्षामा परिचालन हुँदा सैनिक व्यक्तिले शक्ति प्रयोग गर्दा अपनाउनुपर्ने विधि (Rules of Engagement)" लागू हुने ।

१४. कुसुम्बाघाट झोलुङ्गे पुल आयोजना निर्माणका लागि वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने।

१५. वन तथा भू-संरक्षण मन्त्रालय— मुक्त कमैया बस्तीमा रहेका रुखहरु हटाउन स्वीकृति दिने।

१६. वन तथा भू-संरक्षण मन्त्रालय— नेपाली सेनालाई वनक्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति दिने।

१७. वन तथा भू-संरक्षण मन्त्रालय— माथिल्लो सोलुखोला जलविद्युत आयोजनालाई वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने।

१८. वाणिज्य मन्त्रालय— अर्जेन्टिनाको ब्युनर्स आयर्समा आयोजना हुने विश्व व्यापार संगठनको एघारौं मन्त्रीस्तरीय सम्मेलनमा माननीय वाणिज्य मन्त्रीको नेतृत्वको प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति दिने ।

१९. शिक्षा मन्त्रालय— नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम "राष्ट्रिय चिकित्सा शिक्षा अध्यादेश, २०७४" जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने ।

२०. शिक्षा मन्त्रालय— नेपाल सरकारका वार्ता समितिको संयोजक श्री इन्द्रप्रसाद उपाध्याय र प्रा.डा. गोविन्द के.सी. बीच मिति २०७४।०७।०१ मा भएको संलग्न सहमतिको स्वामित्व ग्रहण गरी कार्यान्वयन प्रक्रिया अगाडी बढाउन स्वीकृति दिने ।

२१. श्रम तथा रोजगार मन्त्रालय— श्रम तथा रोजगार राज्य मन्त्रीको थाइल्याण्ड भ्रमण स्वीकृत गर्ने ।

२२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— लुम्बिनीको एकिकृत व्यवस्थापन संरचना (Integrated Management Framework) स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२३. सहकारी तथा गरिबी निवारण मन्त्रालय— राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ को दफा ७ (१) (ख) तथा राष्ट्रिय सहकारी बिकास बोर्डको सह अध्यक्ष, नियुक्ति तथा मनोनयन सम्बन्धी मापदण्ड, २०७४ बमोजिम रिक्त सह-अध्यक्ष पदमा अमलाचौर-१, बाग्लुङ निवासी श्री दक्ष पौडेल सुवासलाई नियुक्त गर्ने ।

२४. सामान्य प्रशासन मन्त्रालय— नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र रुकुम पूर्वी जिल्लामा रहने कार्यालयहरुको सङ्गठन संरचना र दरवन्दी स्वीकृति गर्ने।

२५. सामान्य प्रशासन मन्त्रालय— भन्सार विभाग र अन्तर्गतका निकायहरुको दरवन्दी र सङ्गठन संरचना स्वीकृति गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने।

२६. सामान्य प्रशासन मन्त्रालय— स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त विषयको विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने विषयको प्रस्ताव अभिलेख राखी प्रस्ताव फिर्ता गर्ने ।

२७. सिंचाई मन्त्रालय— भूमिगत जलस्रोत विकास समितिका कार्यकारी निर्देशक श्री जगत प्रसाद जोशीको राजिनामा स्वीकृत गर्ने।

२८. नेपाल सरकारको मुख्यसचिव पदमा कार्यरत श्री राजेन्द्र किशोर क्षेत्री निजामती सेवा ऐन, २०४९ को दफा ३३ बमोजिम मिति २०७४।७।८ गतेदेखि नेपाल सरकारको मुख्यसचिव पदबाट अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएकोले उहाँले निजामती सेवामा रही उच्च नैतिकता, सक्षमता र उत्तरदायीपूर्ण रूपमा मुलुकको सार्वजनिक प्रशासनमा पुर्‍याउनु भएको योगदानको उच्च कदर गर्दै प्रशंसासहित धन्यवाद दिने। उहाँको सेवानिवृत्त जीवन सक्रिय र सुखमय रहोस् भन्ने कामना गर्ने ।

२९. नेपाल सरकारका मुख्यसचिव श्री राजेन्द्र किशोर क्षेत्री निजामती सेवा ऐन, २०४९ को दफा ३३ बमोजिम मिति २०७४ साल कार्तिक ८ गतेदेखि अवकाश प्राप्त गर्नुहुने भएकोले मिति २०७४।७।८ गतेदेखि लागू हुने गरी निजामती सेवा ऐन, २०४९ को दफा १९ को उपदफा (२) को खण्ड (क) र निजामती सेवा नियमावली, २०५० को नियम ७८क. बमोजिम गृह मन्त्रालयमा कार्यरत सचिव श्री लोकदर्शन रेग्मीलाई नेपाल सरकारको मुख्यसचिव पदमा बढुवा गर्ने ।

३०. शिक्षा मन्त्रालयका सचिव शान्तबहादुर श्रेष्ठले मिति २०७४/६/३१ देखि लागू हुने गरी आफ्नो पदबाट निजामती सेवा ऐन, २०४९ को दफा ३७ को उपदफा (३) अनुसार सुविधा पाउने गरी दिनुभएको राजीनामा सोही मितिदेखि लागू हुने गरी स्वीकृत गर्ने ।

३१. अर्थ मन्त्रालयका सचिव श्री शान्तराज सुवेदीले निजामति सेवा ऐन, २०४९ को दफा १७ बमोजिम मिति २०७४।७।२ देखि अनिवार्य अवकास प्राप्त गर्नु भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

३२. राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत प्रा.डा. गोविन्दराज पोखरेलले दिनु भएको राजिनामा २०७४ कार्तिक ५ गते देखि लागू हुने गरी स्वीकृत गर्ने ।

३३. भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणसम्बन्धी ऐन, २०७२ को दफा ११ को उपदफा (५) बमोजिम राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत पदमा पूर्व सचिव युवराज भुसाललाई वाँकी अवधिको लागि नियुक्त गर्ने ।

३४. नेपाल व्यवस्थापन संघलाई पचास लाख रूपैयाँ अनुदान उपलब्ध गराउने । उक्त रकम अर्थ मन्त्रालयले सामान्य प्रशासन मन्त्रालयमार्फत उपलब्ध गराउने ।

३५. निजामती सेवा ऐन, २०४९ को दफा १९ को उपदफा (२) को खण्ड (ख) (२) बमोजिम नेपाल ईन्जिनियरिङ्ग सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा राजपत्राङ्कित प्रथम श्रेणीका श्री विष्णु ओम बादेलाई बढुवा गरी राष्ट्रिय सतर्कता केन्द्रको प्रमुख अधिकृत पदमा पदस्थापना गर्ने ।

३६. राष्ट्रपतिको कार्यालयको च.नं. १२८ मिति २०७४/६/३१ को पत्रबाट अनुरोध भई आएबमोजिम सम्माननीय राष्ट्रपतिको निजी चिकित्सकमा डा. यादव कुमार देव भट्टलाई मिति २०७४/४/१ देखि लागू हुने गरी नियुक्त गर्ने ।

३७. २०७३ साल चैत १५ गते राजनैतिक कार्यको सिलसिलामा मृत्यु भएका भेरी न.पा.-३ थाप्ले, जाजरकोटका रवीन्द्र शम्शेर शाहलाई सहिद घोषणा गर्ने ।

३८. निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (२) बमोजिम गठित समितिको सिफारिसमा नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गर्ने –

Commented [u1]:

क्र.सं	नाम, थर	साविक पद र कार्यालय	सरुवा भएको पद र कार्यालय
१.	श्री शंकरप्रसाद अधिकारी	सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	सचिव, अर्थ मन्त्रालय
२.	श्री इन्द्र प्रसाद उपाध्याय	सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	सचिव, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय
३.	श्री मधुप्रसाद रेग्मी	सचिव, लोक सेवा आयोग	सचिव, शिक्षा मन्त्रालय
४.	श्री रामकुमार आचार्य	सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	महालेखा, महालेखा नियन्त्रक कार्यालय
५.	श्री प्रेमकुमार राई	सचिव, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय	सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
६.	श्री केदारबहादुर अधिकारी	सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	सचिव, सूचना तथा सञ्चार मन्त्रालय
७.	श्री मोहनकृष्ण सापकोटा	सचिव, सामान्य प्रशासन मन्त्रालय	सचिव, गृह मन्त्रालय
८.	श्री शंकरप्रसाद कोइराला	सचिव, उद्योग मन्त्रालय	सचिव, सामान्य प्रशासन मन्त्रालय
९.	श्री महेन्द्रमान गुरूङ	सचिव, सूचना तथा सञ्चार मन्त्रालय	सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
१०.	श्री खगराज बराल	क्षेत्रीय प्रशासक, सुदूरपश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय,दिपायल	सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
११.	श्री युवकध्वज जि.सी.	सचिव, पशुपंक्षी विकास मन्त्रालय	सचिव, वन तथा भू-संरक्षण मन्त्रालय
१२.	श्री प्रकाश माथेमा	सचिव, वन तथा भू-संरक्षण मन्त्रालय	सचिव, पशुपंक्षी विकास मन्त्रालय
१३.	श्री यामकुमारी खतिवडा	सचिव, राष्ट्रिय सूचना आयोग	सचिव, उद्योग मन्त्रालय

३९. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/६/२ को बैठकबाट गृह मन्त्रालयको बाढी तथा डुबान प्रभावित क्षेत्रमा पुनर्स्थापन तथा पुनर्निर्माण गराउने विषयको स्वीकृत प्रस्तावको कार्यहरू सम्पादन गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरण अन्तरगत बाढी तथा डुबान प्रभावित क्षेत्रमा पुनर्स्थापन तथा पुनर्निर्माण

आयोजना (ईकाइ) स्थापना गर्ने । उक्त आयोजनाको प्रमुखमा विराटनगर, मोरङ्गका डा. सुमन कर्णलाई नियुक्ति गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।